# श्री गुठी संस्थान, प्रधान कार्यालय

त्रिपुरेश्वर, काठमाडौँ

## खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:-२०८२।३।२७ गते

श्री लोक सेवा आयोगको सहमति अनुसार गुठी संस्थानमा रिक्त रहेका देहायका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०८२/३/२७ गतेदेखि रीतपूर्वक दरखास्त आह्वान गरिएको छ । Online दरखास्त फारम यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काईस) दिनभित्र र दोब्बर शुल्क तिरी थप ७ (सात) दिन भित्र पेश गरिसक्नु पर्नेछ । म्याद भित्र दाखिला नभएका र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही गरिने छैन । झुट्टा विवरण उल्लेख गरी online दरखास्त फाराम भरेमा सो को जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| विज्ञापन नं. | पद | सेवा/ समूह | तह/ श्रेणी | खुला | समावेशी | | | | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ.ज. | मधेसी | दलित | |
| १५/०८१/०८२ | उप प्रशासक (प्र.) प्रमुख प्रशासन अधिकृत | प्रशासन/ सामान्य प्रशासन | अधिकृत द्वितीय | २ | १ | १ | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट कला, संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको। |
| १६/०८१/०८२ | उप प्रशासक(प्र.)/ प्रमुख लेखा अधिकृत | लेखा/ आर्थिक प्रशासन | अधिकृत द्वितीय | १ | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामा अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको। |
| १७/०८१/०८२ | सहायक प्रशासक (प्र.)/प्रशासन अधिकृत | प्रशासन/ सामान्य प्रशासन | अधिकृत तृतीय | ४ | १ | १ | १ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण। |
| १८/०८१/०८२ | सहायक प्रशासक/लेखा अधिकृत | प्रशासन/ आर्थिक प्रशासन | अधिकृत तृतीय | २ | १ | १ | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा, अर्थशास्त्र, तथ्यांकशास्त्र वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। |
| १९/०८१/०८२ | कानून अधिकृत | कानून/ कानून | अधिकृत तृतीय | १ | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक वा सो सरह उत्तीर्ण। |
| २०/०८१/०८२ | सहायक प्रशासक/इञ्जिनियर (प्रा.) | इन्जिनियरिङ/ सिभिल/ आर्किटेक्ट | अधिकृत तृतीय | १ | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण। |
| २१/०८१/०८२ | सहायक प्रशासक अभिलेख/पुरातत्व अधिकृत | विविध/ अभिलेख पुरातत्व | अधिकृत तृतीय | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास, संस्कृति वा पुरातत्व विषयमा स्नातक वा सो सरह उत्तीर्ण। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२/०८१/०८२ | सहायक प्रशासक/सूचना प्रविधि अधिकृत | विविध/ सूचना प्रविधि | अधिकृत तृतीय | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इञ्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इञ्जिनियरिङ्ग वा कम्प्यूटर विज्ञानमा वा सूचना प्रविधि विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण। |
| २३/०८१/०८२ | सहायक प्रशासक/नापी अधिकृत (प्रा.) | इन्जिनियरिङ/ सर्भे | अधिकृत तृतीय | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इञ्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण। |
| २४/०८१/०८२ | वरिष्ठ सहायक | प्रशासन/ प्रशासन | सहायक प्रथम | ८ | २ | २ | १ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण। |
| २५/०८१/०८२ | वरिष्ठ लेखा सहायक | लेखा/ आर्थिक प्रशासन | सहायक प्रथम | ६ | २ | १ | १ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा अर्थशास्त्र वा तथ्यांकशास्त्र वा गणित मूल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण। |
| २६/०८१/०८२ | वरिष्ठ कानून सहायक | कानून/ कानून | सहायक प्रथम | २ | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा कक्षा १२ वा सो सरह उत्तीर्ण। |
| २७/०८१/०८२ | सव इन्जिनियर (प्रा) | इन्जिनियरिङ/ सिभिलआर्किटेक्ट | सहायक प्रथम | ३ | १ | १ | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चर इन्जिनियरिङ्ग विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण। |
| २८/०८१/०८२ | वरिष्ठ पुस्तकालय सहायक (प्रा) | विविध/ पुस्तकालय | सहायक प्रथम | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई पुस्तकालय सम्बन्धी तीन महिनाको तालिम प्राप्त। |
| २९/०८१/०८२ | सर्भेक्षक(प्रा) | इन्जिनियरिङ/ सर्भे | सहायक प्रथम | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स विषयमा प्रविणता प्रमाणपत्र तह वा विज्ञान वा भूगोल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी जुनियर नापी तालिम प्राप्त। |
| ३०/०८१/०८२ | कार्यालय सहायक | प्रशासन/ प्रशासन | सहायक द्वितीय | १० | ३ | २ | २ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण। |
| ३१/०८१/०८२ | असिष्टेन्ट सब ईञ्जिनियर (प्रा.) | इन्जिनियरिङ/ सिभिल/ आर्किटेक्ट | सहायक द्वितीय | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चर विषय सहित टि. एस. एल. सी उत्तीर्ण गरेको वा सो सरह उत्तीर्ण गरी कम्तीमा छ महिनाको व्यवसायिक तालिम प्राप्त। |
| ३२/०८१/०८२ | अमीन (प्रा.) | इन्जिनियरिङ/ सर्भे | सहायक द्वितीय | २ | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी आधारभूत नापी तालिम प्राप्त। |

1. विज्ञापन सम्बन्धी विशेष सूचना- सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-wo-०६६० उपर भएको उत्पेषण परमादेशको आदेश बमोजिम जारी हुने संघिय निजामति सेवा ऐनमा हुने समावेशी समूहको हकमा समेत प्रतिशत निर्धारण भएबमोजिम गुठी संस्थान संचालक समितिबाट निर्णय गराई कार्यान्वयनमा ल्याउने गरी हाललाई गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्बन्धी विनियमावली,२०८१ बमोजिम विज्ञापन प्रकाशित गरिएको छ ।
2. योग्य उम्मेदवारले संस्थानले तोकेको Online फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो को साथमा नेपाली नागरिकताको प्रमाणपत्र र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, अनुभवको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो Scan गरी attach गर्नु पर्नेछ ।
3. दरखास्त दस्तुर : अधिकृत द्वितिय श्रेणीको पदमा रु.२०००। अधिकृत तृतीय श्रेणीको पदमा रु.१२००।, सहायक प्रथम श्रेणीको पदमा रु.७००। र सहायक द्वितिय श्रेणीको पदमा रु.५००। दरखास्त दस्तुर वापत जम्मा गर्नु पर्नेछ । समावेशी पदको प्रत्येक समूहको लागि खुला पदको लागि तोकिएको दस्तुरको ५०% थप रकम जम्मा गर्नुपर्ने छ ।
4. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा ।

5. परीक्षा केन्द्र : काठमाडौं उपत्यकामा हुनेछ ।
6. काम गर्नुपर्ने स्थान : गुठी संस्थान प्रधान कार्यालय र अन्तर्गत शाखा कार्यालयहरु ।
7. तलब सुविधा : संस्थानको प्रचलित कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०८१ बमोजिम ।
8. परीक्षणकाल : महिला कर्मचारीहरुको हकमा ६ महिना र अन्यको हकमा १ वर्षको हुनेछ ।
9. विदेशस्थित शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताको प्रमाणपत्र पेश गर्ने उम्मेदवारले नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।
10. उम्मेदवारको उमेर : दरखास्त दिने अन्तिम मितिसम्ममा सहायकस्तर पदको लागि १८ वर्ष र अधिकृत स्तरको पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र उप-प्रशासक अधिकृत द्वितीय श्रेणीको पदको खुल्ला प्रतिस्पर्धामा ४५ वर्ष ननाघेको र महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
11. उपर्युक्त पदहरुको लिखित परीक्षा लोकसेवा आयोगबाट सञ्चालन हुनेछ ।
12. परीक्षाको कार्यक्रम पछि प्रकाशित गरिनेछ ।
13. समावेशी तर्फका उम्मेदवारले पेश गर्नुपर्ने थप कागजातहरु :
    (क) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी attach गर्नुपर्नेछ ।
    (ख) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणीकरण गरेको आधारमा, तर उपर्युक्तानुसार सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी attach गर्नुपर्नेछ ।
    (ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा । तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिएको कागजात पेश गर्नु पर्नेछ ।
14. परीक्षाको पाठ्यक्रम गुठी संस्थान प्रधान कार्यालयको वेभसाइट www.guthisansthan.org.np बाट download गर्न सकिनेछ ।
15. परीक्षा शुल्क बुझाउने प्रक्रिया : online आवेदन submit गरे पश्चात प्राप्त हुने निर्देशन बमोजिम QR Scan गरी दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ ।
16. एकभन्दा बढी विज्ञापनमा online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनको लागि अलग अलग नै दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ ।
17. गुठी संस्थानको वेभसाइट www.guthisansthan.org.np मा उपलब्ध गराईएका Link Click गरी सो सोझैं वा www.vacancy.guthisansthan.org.np मा राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।
18. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गुठी संस्थानलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ ।
19. दरखास्त सम्बन्धी कुनै जानकारी लिनु परेमा गुठी संस्थान प्रधान कार्यालयमा तथा फोन नं. ०१५३५७६३०, ९८४१८५८८२९, ९८५१०००७७७२ मा सम्पर्क राख्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# गुठी संस्थान

## प्रधान कार्यालय

## कार्यक्षमता मूल्यांकनद्धारा हुने बढुवा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।३।२७ गते)।

लोकसेवा आयोगबाट सहमति प्राप्त भए अनुसार गुठी संस्थानको निम्न सेवा, समूहमा रिक्त रहेका देहायका पदहरु कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा गरी पदपूर्ति गर्न गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्बन्धी विनियमावली,२०८१ को विनियम ५१ बमोजिम न्यूनतम सेवा अवधि पूरा भएका आ.व. २०८०/०८१ सम्मको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिसकेका, सोही विनियमावलीको विनियम १३ बमोजिमको शैक्षिक योग्यता भएका एवं सोही विनियमावलीको विनियम ५२ बमोजिम अयोग्य नभएका बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र दरखास्त बुझाउन सकिने छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछि लगतै कार्यालय खुलेको दिनसम्म संस्थानबाट उपलब्ध हुने दरखास्त फारम भरी हालको पदको बहाल रहेको नियुक्ति पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी यस संस्थानको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखामा दरखास्त फाराम दर्ता गराउन सम्बन्धित सबै योग्य उम्मेदवार कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । सो म्याद भित्र रितपूर्वक फाराम भरी दर्ता नगराएका कर्मचारीहरुको निवेदन उपर बढुवा सम्बन्धी कारवाही गर्न नसकिने र पछि कुनै किसिमको उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । यो सूचना संस्थानको website www.guthisansthan.org.np मा समेत हेर्न सकिने छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | समूह | श्रेणी | पदसंख्या |
|---|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | सह प्रशासक | सेवा समूह नतोकिएको | | अधिकृत प्रथम | २ |
| २ | २/०८१/०८२ | उप प्रशासक (प्र.)/प्रमुख प्रशासन अधिकृत | प्रशासन | सामान्य प्रशासन | अधिकृत द्वितीय | ६ |
| ३ | ३/०८१/०८२ | उप प्रशासक/मुख्य कानून अधिकृत | कानून | कानून | अधिकृत द्वितीय | १ |
| ४ | ४/०८१/०८२ | उप प्रशासक (प्रा.)/ सिनियर डिभिजनल इञ्जिनियर | इन्जिनियरिङ | सिभिल/ आर्किटेक्ट | अधिकृत द्वितीय | १ |
| ५ | ५/०८१/०८२ | उप प्रशासक (प्रा.)/प्रमुख अभिलेख अधिकृत | विविध | अभिलेख/ पुरातत्व | अधिकृत द्वितीय | १ |
| ६ | ६/०८१/०८२ | सहायक प्रशासक (प्र.)/प्रशासन अधिकृत | प्रशासन | सामान्य प्रशासन | अधिकृत तृतीय | ४ |
| ७ | ७/०८१/०८२ | सहायक प्रशासक/लेखा अधिकृत | प्रशासन | आर्थिक प्रशासन | अधिकृत तृतीय | २ |
| ८ | ८/०८१/०८२ | सहायक प्रशासक/इञ्जिनियर (प्रा.) | इन्जिनियरिङ | सिभिल/ आर्किटेक्ट | अधिकृत तृतीय | १ |
| ९ | ९/०८१/०८२ | सहायक प्रशासक/नापी अधिकृत (प्रा.) | इन्जिनियरिङ | सर्भे | अधिकृत तृतीय | १ |
| १० | १०/०८१/०८२ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | सहायक प्रथम | ३ |
| ११ | ११/०८१/०८२ | सव इन्जिनियर (प्रा) | इन्जिनियरिङ | सिभिल/ आर्किटेक्ट | सहायक प्रथम | १ |
| १२ | १२/०८१/०८२ | सर्भेक्षक(प्रा) | इन्जिनियरिङ | सर्भे | सहायक प्रथम | १ |
| १३ | १३/०८१/०८२ | कार्यालय सहायक | प्रशासन | प्रशासन | सहायक द्वितीय | २ |

सदस्य सचिव
पदपूर्ति समिति

# गुठी संस्थान

## प्रधान कार्यालय

### आन्तरिक प्रतियोगिताबाट गरिने पदपूर्तिसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।३।२७

लोकसेवा आयोगबाट सहमति प्राप्त भए अनुसार गुठी संस्थानको निम्न सेवा, समूहमा रिक्त रहेका देहायका पदहरु गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्बन्धी विनियमावली, २०८१ को विनियम ६५ अनुसार आन्तरिक प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकोले सोही विनियमावलीको विनियम ६६ बमोजिम न्यूनतम सेवा अवधि पूरा भएका र शैक्षिक योग्यता पुगेका एवं सोही विनियमावलीको विनियम ५२ बमोजिम अयोग्य नभएका सम्भाव्य कर्मचारीहरुले ो Online दरखास्त फारम यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काईस) दिनभित्र र दोब्बर शुल्क तिरी थप ७ (सात) दिन भित्र पेश गरिसक्नु पर्नेछ । म्याद भित्र दाखिला नभएका र रीत  नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही गरिने छैन । झुट्ठा विवरण उल्लेख गरी online दरखास्त फाराम भरेमा सो को जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ । पाठ्यक्रम तथा थप जानकारी  www.guthisansthan.org.np मा हेर्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा / समूह | श्रेणी | पदसंख्या |
|---|---|---|---|---|---|
| १ | १४/०८१/०८२ | कार्यालय सहायक | प्रशासन / सामान्य प्रशासन | सहायक द्वितीय | ५ |

सदस्य सचिव
पदपूर्ति समिति